# प्रेस विज्ञप्ति

राष्ट्रिय प्रसारण नियमावलीले कुनै विदेशी प्रसारण संस्थाले आफ्नो मुलुकबाट प्रसारण भएको कुनै कार्यक्रम डाउनलिङ्क गरी नेपालभित्र प्रसारण गराउन चाहेमा डाउनलिंक अनुमतिपत्रको लागि तोकिए बमोजिमको ढाँचामा मन्त्रालय समक्ष निवेदन दिनु पर्ने व्यवस्था गरेको छ जस अनुसार हालसम्म ८६ वटा च्यानलहरुले डाउनलिंक अनुमतिपत्रको लागि निवेदन पेश गरेका छन् । विदेशी च्यानल डाउनलिङ्क गर्नको लागि अनुमतिपत्र दिनु अघि मन्त्रालयले विदेशी च्यानलको भाषा तथा विषयवस्तु समेतलाई विचार गरी अनुमतिपत्र दिन सक्ने व्यवस्था छ । यसरी डाउनलिंकको अनुमतिको प्रक्रियामा रहेको अवस्थामा बाहेक डाउनलिंक अनुमति नभएका विदेशी च्यानलहरु नेपालमा प्रसारण वा वितरण गर्न नपाइनेमा नेपालका केही स्थानीय वितरकले अवैध विदेशी D.T.H. का माध्यमबाट कार्यक्रम प्रसारण वा वितरण गरिरहेको भनी मन्त्रालयमा निवेदन पर्न आएको छ । कसैले राष्ट्रिय प्रसारण ऐन तथा नियमावली बमोजिम इजाजतपत्र वा अनुमतिपत्र नलिई अनधिकृत रुपमा कुनै कार्यक्रम प्रसारण वा वितरण गरेको देखिएमा मन्त्रालयले त्यस्तो कार्यक्रम प्रसारण वा वितरण गर्न प्रयोग गरेको यन्त्र वा उपकरण आफ्नो नियन्त्रणमा लिन वा सो यन्त्र वा उपकरण प्रयोग गर्न नसक्ने गरी आवश्यक व्यवस्था गर्न सक्ने तथा प्रचलित कानून बमोजिम कानूनी कारवाही समेत हुने हुँदा अवैध रुपमा विदेशी D.T.H. प्रयोग गरी कार्यक्रम प्रसारण तथा वितरण नगर्न तथा कसैले कानून विपरित यस प्रकारका कार्यक्रमको वितरण तथा प्रसारण गरेको पाएमा मन्त्रालयमा जानकारी गराइदिन हुन यो विज्ञप्ति मार्फत अनुरोध गरिन्छ ।

महेन्द्रप्रसाद गुरागाईं

सहसचिव